# बर्दघाट नगरपालिका

**नवलपरासी जिल्ला,**
**लुम्बिनी प्रदेश, नेपाल**

**स्थानीय राजपत्र**

| खण्ड १ | अंक: १ | माघ, २२ गते २०८२ साल | (संख्या: ०९) |
|---|---|---|---|

## भाग-१

नगर सभाको मितिः २०८२/१०/१९ मा स्वीकृत भएको देहाय वमोजिमको ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बर्दघाट नगरपालिकाबाट गरिने बजार अनुगमन सम्बन्धि ऐन, २०८२

**प्रस्तावनाः**

नेपालको संविधान, २०७२ को अनुसूची -८, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम उपभोक्ता हित संरक्षणार्थ उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु तथा सेवाको उत्पादन स्थल, ढुवानी मार्ग, भण्डारण तथा संचय स्थल, थोक तथा खुद्रा विक्रि स्थल र उपभोग स्थल लगायतका ठाउँहरूमा वस्तु वा सेवा प्रदायक वा विक्रेताको व्यवसायिक कारोवारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न तत्काल बर्दघाट नगरपालिकाबाट नियमित रुपमा प्रभावकारी बजार अनुगमन गर्न आवश्यक भएकोले यो ऐन स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस ऐनको नाम "बर्दघाट नगरपालिकाबाट गरिने बजार अनुगमन सम्बन्धि ऐन, २०८२" रहेको छ ।

२. यो ऐन नगरकार्यपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः-**

१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. "अनुगमन टोली" भन्नाले कार्यालयले विशेषज्ञ सहित गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ ।

ख. "उपभोक्ता हित संरक्षण समिति" भन्नाले बर्दघाट नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा गठित समिति बुझ्नु पर्दछ ।

ग. "कार्यालय" भन्नाले बर्दघाट नगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ. "प्रदायक" भन्नाले वस्तु वा सेवाको उत्पादक, आयातकर्ता, भण्डारण वा बिक्रिवितरण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

ङ. "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको सम्मिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रंग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ ।

च. "विक्रेता" भन्नाले वस्तु वा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा विक्रेता, सेवा प्रदायक सम्झनु पर्दछ । सो शब्दले होटल, लज, होस्टेल, खाजाघर संचालक आदि लाई समेत जनाउने छ ।

छ. "स्थानीय सरकार" भन्नाले बर्दघाट नगरपालिका लाई सम्झनु पर्दछ ।

ज. "नगरपालिका" भन्नाले बर्दघाट नगरपालिका लाई जनाउने छ ।

झ. "न्यायिक समिति" भन्नाले बर्दघाट नगरपालिकाको न्याय सम्पादनको लागि गठित न्यायिक समिति लाई जनाउने छ ।

ञ. “सेवा” भन्नाले व्यवसायिक सेवा, संचार सेवा, निर्माण तथा इन्जिनियरिंग सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तिय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरंजन तथा खेलकुद सेवा, यातायात सेवा लगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरू सम्झनु पर्दछ ।

ट. “समिति” भन्नाले उपभोक्ता हित संरक्षण समिति भन्ने सम्झनु पर्दछ ।

ठ. “प्रमुख” भन्नाले बर्दघाट नगरपालिकाकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद-२
## उपभोक्ता हित संरक्षण समिति

### ३. उपभोक्ता हित संरक्षण समितिः

१. उपभोक्ताको हित संरक्षण सम्बन्धि विषयमा आवश्यक नीतिगत व्यवस्था गर्न तथा बजार अनुगमन कार्य लाई मार्ग दर्शन एवं समन्वयको लागि बर्दघाट नगरपालिका ले उपभोक्ता हित संरक्षण समितिको गठन देहाय अनुसार हुनेछः

(क) बर्दघाट नगरपालिकाका उपप्रमुख - संयोजक

(ख) नगरपालिकाले तोकेको कार्यपालिका सदस्य - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयका अधिकृत वा प्रतिनिधी - सदस्य

(घ) उद्योग वाणिज्य क्षेत्रका मान्यता प्राप्त छाता सँगठनका एक/एक जना प्रतिनिधि - सदस्य

(ङ) बर्दघाट नगरपालिका क्षेत्र भित्र उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा व्यक्तिहरु मध्येबाट दुई जना - सदस्य

(च) कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा प्रमुख - सदस्य सचिव

२. उपदफा (१) को बमोजिमको समितिमा जनप्रतिनिधि/स्थानीय सुरक्षा निकाय/खाद्य \ गुणस्तर \ औषधी \ जनस्वास्थ्य \ उद्योग \ वाणिज्य \ भेटेनरी \ राजस्व \ कृषि \ पशु \ वातावरण \ सवारी साधन \ मेशनरी औजार हेर्ने शाखा प्रमुख लाई तथा सम्बन्धित अन्य कार्यालयहरुबाट प्रतिनिधिहरु लाई आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा बोलाईनेछ ।

बर्दघाट नगरपालिका

३. उपभोक्ता हित संरक्षण समितिका काम कर्तव्य र अधिकारः

१. उपभोक्ता हित संरक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. उपभोक्ता हित संरक्षणको लागि आबश्यक नीतिगत व्यवस्था गर्ने ।

ख. अत्यावश्यक वस्तुहरुको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्याङ्क संकलन र मागको प्रक्षेपण गर्ने,

ग. समिति ले यस ऐनको दफा (७) को उपदफा १ अनुसार गठित अनुगमन टोलीद्वारा उपदफा ५ को फारममा उल्लेख भए अनुसार प्रस्तुत गरेको बजार अनुगमन सम्बन्धी प्रतिवेदन माथि विश्लेषण गरी आवश्यक निर्देशन दिने,

घ. उपभोक्ताको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

ङ. बजार अनुगमन सम्बन्धी कामको मूल्याङ्कन गर्ने र टोली लाई आवश्यकता अनुसार मार्ग दर्शन गर्ने,

च. नगर कार्यपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने/गराउने ।

छ. उपभोक्ता हित विपरित कार्यमा आवश्यक प्रचलित कानून वमोजिम कारवाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने ।

**४. उपभोक्ता हित संरक्षण समितिको बैठक सम्बन्धी व्यवस्थाः**

१. उपभोक्ता हित संरक्षण समितिको बैठक महिनामा एक पटक अनिवार्य रूपमा बस्नु पर्नेछ ।

## परिच्छेद -३

## बजार अनुगमन सम्बन्धी व्यवस्था

**५. अनुगमन सम्बन्धी कार्यः**

१. वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल लगायतका व्यापारिक क्रियाकलाप लाई उपभोक्ता मैत्री बनाउन नगरपालिका ले निम्न व्यवस्था गर्ने पर्नेछः

(क) गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सुलभ आपूर्ति हुने वातावरणको

सुनिश्चितता सहित उपभोक्ताको हक र हितको संरक्षण गर्न कार्यालयमा उपभोक्ता हित संरक्षण शाखा/इकाइको व्यवस्था गरी नियमित र प्रभावकारी बजार अनुगमनको व्यवस्था गर्ने,

(ख) बजार प्रणाली लाई प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार तुल्याउन प्रचलित कानूनको कार्यान्वयनमा जोड दिने,

(ग) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्य योजना तयार गरी उपभोक्ता हित संरक्षणको विषय लाई विशेष प्राथमिकतामा राख्ने,

(घ) उपभोक्ता लाई सचेत र जागरूक तुल्याउन वडा समितिको कार्यालय देखि नै उपभोक्ता सचेतना लगायतका कार्यक्रमहरु संचालन गर्ने,

(ङ) नगरपालिका अन्तर्गत स्थापित वा संचालित उद्योग व्यवसायको दर्ता, नविकरण, बिल बिजक तथा बिक्रीको लागि राखिएका मालवस्तु, नापतौल, गुणस्तर, लेबिल, आपूर्ति, आदिको अनुगमन गर्ने, गर्न लगाउने,

(च) तरकारी, फलफूल, माछा, मासु, मिठाई पसल, डेरी, होटल लगायतका खाद्य वस्तुको बिक्री स्थलको मापदण्ड तोक्ने र छुट्टै फलफूल तथा तरकारी बजार र वधशालाको व्यवस्था गर्ने,

**६. बजार अनुगमन टोलीको गठनः**

१. वस्तु वा सेवा प्रदायक व्यवसायको दर्ता, नविकरण, आपूर्ति, मूल्य, नापतौल, विज्ञापन लगायत व्यापारिक क्रियाकलापको नियमित एवं आकस्मिक अनुगमनको लागि नगरपालिका ले बजार अनुगमन टोली गठन हुने अनुगमन टोलीमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछनः

(क) कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा प्रमुख - संयोजक

(ख) कार्यालयको राजस्व शाखाको प्रतिनिधि - सदस्य

(ग) बर्दघाट नगरपालिका क्षेत्र भित्र उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा व्यक्तिहरु मध्येबाट मनोनीत एक जना - सदस्य

(घ) उद्योग वाणिज्य क्षेत्रका मान्यता प्राप्त छाता सँगठनका प्रतिनिधि एक जना सदस्य - सदस्य

(ङ) नगर प्रहरी - सदस्य

२. उपदफा (१) को बमोजिमको टोलीमा जनप्रतिनिधि/स्थानीय सुरक्षा निकाय/पत्रकार/ खाद्य \गुणस्तर \औषधी \जनस्वास्थ्य \उद्योग \वाणिज्य \भेटेनरी \राजस्व \कृषि \पशु \ वातावरण \सवारी साधन \मेशनरी औजार \अन्य आवश्यक शाखा हेर्ने शाखा प्रमुख लाई

आमन्त्रित सदस्यको रुपमा बोलाईनेछ र नीजहरु क्षेत्रगत रुपमा अनुगमन गर्न जादा मात्र सदस्य रहनेछन साथै कानूनी मामिला शाखा र उपभोक्ता हित संरक्षण शाखाको कर्मचारीहरु ले आवश्यकता अनुसार बजार अनुगमन टोली लाई बजार अनुगमन कार्यमा सहयोग पुर्याउन सक्नेछ ।

३. अनुगमन टोलीमा कम्तीमा पाँच जना प्रतिनिधि संलग्न भइ बजार अनुगमन सम्बन्धी कार्य गरिनेछ ।

४. उपदफा (१) बमोजिमको संयोजक बिदा बसेको वा कुनै कारणवश अनुपस्थित भएको अवस्थामा निजको कामकाज गर्ने गरी तोकिएको अन्य कुनै अधिकृत वा कर्मचारी ले अनुगमन टोलीको संयोजकको रुपमा काम गर्नेछ ।

५. उपभोक्ता हित संरक्षण हेर्ने शाखा ले अनुसुची- १ बमोजिमको ढाँचामा बजार अनुगमनको एकीकृत रुपमा मासिक प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

**७. बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकारः**

१. दफा ७ को उपदफा (१) बमोजिम गठित बजार अनुगमन टोली ले प्रचलित कानून बमोजिम देहाय अनुसारका कार्यहरू गर्नु पर्नेछः

क. बजार अनुगमनको पूर्व कार्य योजना र मासिक अनुगमन कार्य तालिका बनाई स्वीकृतिको लागि समितिमा पेश गर्ने,

ख. स्वीकृत कार्य योजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

ग. वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

घ. कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलिभगतपूर्ण भाउ निर्धारण (कार्टेलिंग), कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए/नभएको अनुगमन गर्ने,

ङ. कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट/गुणस्तरहिन) कम तौल भएको देखिएमा/भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, प्रचलित कानून वमोजिम कारोवार रोक्का गर्ने वा वन्द गर्न सिफारिस गर्ने लगायतका कार्य गर्ने,

च. उपभोक्ता हित संरक्षण समितिबाट समय-समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका

कामहरू गर्ने ।

छ. बजार अनुगमन प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

२. उपनियम (१) को खण्ड (छ) बमोजिमको प्रतिवेदन सम्भव भएसम्म अनुगमनको कार्य सकिएको दिन वा सम्भव नभए सोको कारण सहित तीन दिन भित्र अनिवार्य पेश गर्नु पर्नेछ

**८. अनुगमन गरिने वस्तुको वर्गिकरणः**

१. नगरपालिका ले अनुसूची-२ मा उल्लेखित वस्तु र सेवाको अनुगमन गर्न उपभोक्ता हित संरक्षण हेर्ने शाखा लाई लिखित कार्य विवरण तोक्नु पर्नेछ ।

२. अनुगमन टोली ले दैनिक बजार अनुगमन गर्दा प्रयोग गर्ने फारामको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ ।

**९. बजार अनुगमनः**

१. बजार अनुगमन टोली ले बजार अनुगमन गर्दा निम्न विषयमा विशेष ध्यान दिनु पर्नेछः

(क) विक्रेता वा सेवा प्रदायक ले नियामक निकायबाट कानून बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण-पत्र, स्थायी लेखा नम्बर (VAT/PAN) को प्रमाण-पत्र, खाद्य अनुज्ञा-पत्र, औषधी पसल दर्ता प्रमाण-पत्र लगायतका आवश्यक कागजातहरु लिएको छ/छैन हेर्ने । साथै प्रमाणपत्र नियमित रुपमा नविकरण भए/नभएको हेर्ने । प्रमाणपत्र नलिएको वा नविकरण गरेको नदेखिएमा बढीमा ७ दिन भित्र सो कार्य गरी कार्यालयमा पेश गर्न लिखित निर्देशन दिने ।

(ख) विक्रेता वा सेवा प्रदायक ले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ/छैन हेर्ने । नराखेको भए ३ दिन भित्रमा राखी कार्यालय लाई सो को जानकारी दिन लिखित निर्देशन दिने ।

(ग) प्रदायक ले वस्तुको विक्रि कक्षमा मूल्य सूची राखेको छ /छैन हेर्ने । नराखेको भए ३ दिन भित्रमा राखी कार्यालय लाई सो को जानकारी दिन लिखित निर्देशन दिने ।

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक छ /छैन हेर्ने,

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबिलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ/छैन हेर्ने,

(च) औषधी वा औषधीजन्य पदार्थ भए सो को प्याकिङ्ग प्रयोग गर्ने तरिका उल्लेख छ/छैन हेर्ने । औषधीविज्ञ (फार्मासिष्ट) औषधी बिक्री स्थलमा भए/नभएको एवं औषधी विक्रेता प्रमाणपत्र समेत हेर्ने ।

(छ) उपभोग्य मिति नाघेको औषधी, प्रशोधित पानी, विस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू फेला परेमा नष्ट गर्ने,

(ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबिलिंग वा छपाई गरेको छ/छैन हेर्ने । पुनः लेबिलिंग वा छपाई गरेको पाईएमा त्यस्तो वस्तु जफत गर्ने, वस्तुको प्रकृति अनुसार मुचुल्का गरी नष्ट गर्ने,

(झ) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटल वधशाला वा माछा मासु बिक्री स्थल सफासुग्घर र मापदण्ड अनुसार छ/छैन हेर्ने । नभएमा कसुरको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने तथा अटेरी गरेमा तोकिए बमोजिम दण्ड जरीवाना गर्ने,

(ञ) विक्रेता वा क्रेता लाई वस्तुको विक्रि बिजक जारी गरेको छ/छैन हेर्ने । बिल अनिवार्य गर्न निर्देशन दिने ।

२. उपदफा १ विपरितका कार्य गरे वा गराएमा परिच्छेद-७ बमोजिम कारवाही हुनेछ ।

## परिच्छेद-४

## दर्ता, अनुमति, सिफारिस, नवीकरण र खारेजी सम्बन्धी व्यवस्था

### १०. व्यवसाय दर्ता तथा स्वीकृति सम्बन्धी व्यवस्थाः

१. नगरपालिका क्षेत्र भित्र बिक्री वितरण गर्ने उद्धेश्य ले स्थापित वस्तु वा सेवाका उत्पादक, आयातकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, संकलनकर्ता लगायतका प्रदायक वा आफ्नो कारोबार संचालन गर्दा नगरपालिकामा दर्ता वा अनुमति लिई कारोबार संचालन गर्नु पर्नेछ ।

२. नगरपालिका क्षेत्र भित्र कुनै वस्तु वा सेवा व्यवसाय गर्ने उद्धेश्य ले महोत्सव, मेला वा पर्यटनसँग सम्बन्धित व्यवसाय कारोबार संचालन गर्दा नगरपालिकामा दर्ता वा अनुमति लिई कारोबार संचालन गर्नु पर्नेछ ।

३. प्रदायक वा विक्रेता ले आफु ले संचालन गर्ने कारोबारको प्रचलित संघ र प्रदेश कानुन

बमोजिम दर्ता स्वीकृति लिनु पर्ने भए लिएको प्रमाण समेत आवेदनका साथ पेश गर्नु पर्नेछ ।

४. उपदफा (१) र (२) बमोजिम पेश भएको दर्ता वा अनुमतिको आवेदन उपर नगरपालिका ले छानबिन गरी दर्ता गर्न मिल्ने भए दर्ता गरी दर्ता प्रमाणपत्र उपलब्ध गराउनेछ । दर्ता वा अनुमति दिन नमिल्ने भए सोको स्पष्ट कारण सहित आवेदन दर्ता भएको मिति ले सात दिन भित्र आवेदक लाई जानकारी गराउनु पर्नेछ ।

५. कुनै वस्तु वा सेवाको प्रदायक वा विक्रेताका हकमा दर्ता वा अनुमति प्रदान गर्नु अघि कुनै निश्चित शर्त पालना गर्नु पर्ने वा तालिम वा अभिमुखीकरण लिनु पर्ने गरी कार्यपालिका ले दर्ता वा अनुमति सम्बन्धी कानूनले निर्धारण गर्न सक्नेछ ।

६. नगरपालिका क्षेत्र भित्र कुनै उद्योग वा वस्तु वा सेवा प्रदान गर्ने उद्धेश्य ले कसै ले प्रचलित कानून बमोजिम कुनै फर्म, कम्पनी ,एजेन्सी, संस्था दर्ता गर्न चाहेमा नगरपालिका ले आवश्यक सिफारिस गर्न सक्नेछ ।

७. दर्ता अनुमति तथा सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११. दर्ता नवीकरण गर्नु पर्नेः**

१. दफा ११ बमोजिमका नगरपालिकामा दर्ता गरिएका उद्योग, फर्म, पसल, कारोबार, व्यवसाय, हाटबजार मेला, महोत्सव, पर्यायपर्यटन जस्ता प्रदायक ले प्रत्येक वर्ष तोकिए बमोजिम लाग्ने शुल्क वा दस्तुर बुझाई दर्ता वा अनुमति नवीकरण गर्नु पर्नेछ ।

**१२. दर्ता तथा अनुमति खारेजी सम्बन्धी व्यवस्थाः**

१. नगरपालिकामा दर्ता भएका वस्तु वा सेवा प्रदायकको अनुमति देहायको अवस्थामा खारेज गर्न सकिनेछः

(क) उद्धेश्य विपरित काम गरेमा,

(ख) यस ऐन तथा यस ऐन अन्तर्गतको नियमको कम्तिमा तीन पटक उल्लङ्घन गरेमा,

(ग) स्वीकृति बेगर तोकिएको स्थान भन्दा अन्यत्रै कारोबार संचालन गरेमा,

(घ) आफु ले उत्सर्जन गरेको फोहोर वा अन्य पदार्थको उचित व्यवस्थापन नगरेमा वा वातावरणमा हानि नोक्सानी पुर्याएमा,

(ङ) अनुचित व्यापारिक क्रियाकलाप गरेमा,

(च) उपभोक्ता स्वास्थ्य लाई हानि पुर्याउने कुनै पनि किसिमका कार्यहरु गरेमा,

बर्दघाट नगरपालिका

(छ) तोकिएका अन्य कुराहरु ।

२. दर्ता तथा अनुमति खारेज गर्नु अघि वस्तु तथा सेवा प्रदायक लाई सुनुवाईको मौका प्रदान गर्नु पर्नेछ ।

३. उपदफा (१) बमोजिमको खारेजको निर्णय उपर सम्बन्धित व्यवसायी ले थाहा पाएको मिति ले २१ दिन भित्र प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ ।

४. उपदफा (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय अन्तिम हुनेछ ।

५. दर्ता वा अनुमतिको खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. प्रदायक ले उद्योग, फर्म, पसल, व्यवसाय संचालन मापदण्ड पालनाः**

१. प्रचलित कानून ले तोकेको गुणस्तर वा मापदण्ड भित्र रही उद्योग, फर्म, व्यवसाय, कारोबार, सेवा प्रदान स्थलको पूर्वाधार तयार गरी सेवा प्रदायक ले व्यवसाय संचालन गर्नु पर्नेछ ।

२. उपदफा (१) बमोजिम गुणस्तर वा मापदण्ड नतोकिएको हकमा नगरपालिका ले तोकेको मापदण्ड वा शर्त पालना गर्नु पर्नेछ ।

## परिच्छेद- ५
## उजुरी सम्बन्धी व्यवस्था

**१४. उजुरी दिन सक्नेः**

१. कुनै वस्तु वा सेवाको विक्रेता वा प्रदायक ले उपभोक्ताको हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनि कुनै पनि व्यक्ति वा संस्था ले उपभोक्ता हित संरक्षण समिति वा बजार अनुगमन टोली वा कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा वा कार्यालयमा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्नेछ,

२. उपदफा (१) बमोजिमको निकाय ले उजुरी वा सार्वजनिक संचार माध्यमबाट प्राप्त सूचना लाई उजुरीको रुपमा ग्रहण गरिनेछ,

३. उपदफा (१) वा (२) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखि आएमा सो लाई समेत उजुरीको रुपमा ग्रहण गरी बजार अनुगमन टोली ले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ,

४. उपदफा (३) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा विक्रेता वा सेवा प्रदायक ले प्रचलित कानून वा मापदण्ड विपरित व्यापारिक क्रियाकलाप गरेको पाईएमा तत्काल प्रचलित कानून बमोजिम कारवाही चलाउनु पर्नेछ,

## परिच्छेद- ६
## बजार अनुगमन प्रकृया

**१५. अनुगमनको पूर्व तयारीः**

१. अनुगमन टोली ले अनुगमन गर्नु पूर्व देहाय बमोजिमको तयारी गर्नु पर्नेछः

(क) निरीक्षण वा अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषय लाई पहिलो प्राथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नु पर्नेछ ।

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु वा सेवासँग सम्बन्धित ऐन नियमहरू, विवरण र चेकलिस्ट साथै लिई जानु पर्नेछ ।

(ग) वस्तु तथा सेवाको आपूर्ति, बिक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नु पर्नेछ ।

(घ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन सुरक्षा आदिको पूर्व तयारी गर्नु पर्नेछ ।

(ङ) वस्तु तथा सेवाको आपूर्ति, विक्रि वितरण, मूल्य गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गरेको हुनु पर्नेछ ।

**१६. बजार अनुगमन गर्ने प्रकृयाः**

१. बजार अनुगमन गर्दा अनुगमनमा खटाई जाने व्यक्ति ले आफ्नो परिचय पत्र देखाई बजार अनुगमन गर्नु पर्नेछ । अनुगमन टोलीले अनुगमनको आवश्यकता बारे जानकारी गराउनु पर्नेछ र सम्बन्धित व्यवसायी ले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायी ले बाधा बिरोध गरेमा बाधा बिरोध गर्ने लाई प्रचलित कानून बमोजिम तत्कालै कारवाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउन सक्नेछ ।

३. अनुगमन टोली ले बजार अनुगमन गर्दा वस्तु वा सेवाको नमूना संकलन गर्नु पर्ने

देखिएमा प्रचलित कानून बमोजिम नमूना संकलन गरी सोको यथार्थ विवरण खुलाई सम्भव भएसम्म सम्बन्धित व्यवसायीको समेत दस्तखत भएको स्थलगत अनुसुची-४ बमोजिमको मुचुल्का बनाउनु पर्नेछ ।

४. उपदफा ३ बमोजिमको मुचुल्कामा सम्बन्धित व्यवसायी ले दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार सिलबन्दी समेत गरी परीक्षणको लागि यथाशिघ्र सम्बन्धित निकायमा नमूना सहित लेखि पठाउनु पर्नेछ ।

५. अनुगमन टोली ले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नु पर्ने देखेमा सम्बन्धित व्यवसायी लाई दफा १४ बमोजिम आवश्यक स्थलगत लिखित निर्देशन दिई निश्चित समय भित्रमा सुधार गर्न लगाउन सक्नेछ ।

६. बजार अनुगमन टोली ले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना संकलन गरी प्रमाणको रुपमा सुरक्षित राखी अरु प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुर्याई सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नु पर्नेछ । संकलित नमूना आवश्यकता अनुसार परीक्षणका लागि प्रयोगशालामा पठाउन सकिनेछ ।

## परिच्छेद-७
## दण्ड जररवाना

**१७. कसुर गरेको मानिनेः**

१. कसै ले देहायको काम कारबाही गरे वा गराएमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः

(क) दफा १० विपरित वस्तु वा सेवाको कारोबार संचालन गरे, गराएमा ।

(ख) दफा ११ विपरित दर्ता वा अनुमति नलिई कारोबार संचालन गरे, गराएमा ।

(ग) दफा १२ बमोजिम नवीकरण नगरी कारोबार संचालन गरे, गराएमा ।

(घ) दफा १३ बमोजिम अनुचित व्यापारिक क्रियाकलाप गरे, गराएमा ।

(ङ) दफा १४ बमोजिम गुणस्तर वा मापदण्ड पूरा नगरी कारोबार संचालन गरे, गराएमा ।

**१८. तत्काल कारबाही गरिनेः**

१. बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको स्थानको नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्नेछ । खानतलासीबाट वस्तु वा सेवाको बिक्री वितरणमा अनुचित वा अनियमित कार्य गरेको पाईएमा आवश्यकता अनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा बिक्री वितरणमा रोक लगाउन सक्नेछ तथा त्यस्ता वस्तु अनुगमन टोली ले कब्जामा लिई दफा-२० अनुसार कारवाही अगाडि बढाउनेछ ।

२. अनुगमन गर्दा कुनै कानूनी कारवाही गर्नु पर्ने देखिएमा अनुगमन टोली ले सम्बन्धित व्यवसायीसँग तुरुन्त लिखित स्पष्टीकरण माग गर्न सक्नेछ ।

३. अनुगमन टोलीको प्रतिवेदन वा नमूना परीक्षणबाट मुद्दा दायर गर्नु पर्ने देखिएमा अनुसुची-५ बमोजिमको बढीमा १५ दिनको तारेखमा राखी प्रचलित कानून बमोजिम अनुसन्धान तहकिकातको लागि निरीक्षण अधिकृत तोक्ने गरी मुद्दा दायर गर्न समितिबाट निर्णय गराई यथाशिघ्र अभियोजन अधिकारी समक्ष आवश्यक कागजात सहित लेखी पठाउनु पर्नेछ ।

४. उपदफा (३) बमोजिम लेखि आएमा सम्बन्धित अधिकारी ले प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गरी प्रचलित कानून वमोजिम मुद्दा दायर गर्नु पर्नेछ ।

५. दफा (१) बमोजिम अनुगमन टोली ले अखाद्य वस्तु वा अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित व्यवसायी ले नै व्यहोर्नु पर्नेछ ।

६. अनुगमन गरिएका माल वस्तुको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का उठाउने, चेकलिस्ट अनुसार भए नभएको हेर्ने र नमूना परीक्षण लिनु पर्ने भएमा स्थानीय सरकार संचालन ऐन, २०७४ वा नगर सभाबाट स्वीकृत कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा खाद्य नियमावली, २०२७ को नियम १० वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २७ अनुरूप वा नेपाल गुणस्तर ऐन, २०३७ वा प्रचलित कानून बमोजिम नमूना संकलन गर्नु पर्नेछ ।

७. खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा अनुगमन गर्ने निकाय ले उत्पादन प्रशोधन कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा सिलबन्दी गर्न सक्नेछ । यसरी सिलबन्दी गरिएकोमा प्रशोधन उद्योग लाई निश्चित समय अवधि दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्न निर्देशन दिन सकिनेछ ।

८. उपदफा ७ बमोजिम निर्देशन दिएकोमा उद्योग ले सुधारात्मक कार्यहरू गरी सिलबन्दी हटाई पाउँ भनि कार्यालयमा निवेदन दिएमा कार्यालयको टोली ले बजार अनुगमन गराई सुधार भएको पाईएमा सिलबन्दी हटाई दिन सक्नेछ ।

९. वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप (Unfair Trade Practices), कानूनद्धारा नियन्त्रित वा निषेदित व्यापारिक क्रियाकलाप (Restrictive Trade Practices) र एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप (Monopolistic Trade Practices) भए नभएको विषयमा समेत अनुगमनका क्रममा हेर्नु पर्नेछ ।

**१९.** दफा १० को उपदफा २ तथा दफा १९ सँग सम्बन्धित कसुर गर्ने वा गराउने लाई अनुगमनका क्रममा देहाय वमोजिमको कारवाही गरिनेछ ।

| सि.न. | बिषय | पहिलो पटक | दोश्रो पटक | तेश्रो पटक | कैफियत |
|---|---|---|---|---|---|
| १ | दफा १० को उपदफा १ र दफा १९ को लागि का लगि । | एक हजार रुपैयाँ देखि पाच हजार रुपैयाँसम्म | पाच हजार रुपैयाँ देखि बीस हजार रुपैयाँसम्म | पाच हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म वा व्यावसाय अनुमती रद्द वा प्रचलित संघिय कानून बमोजिम | |

## परिच्छेद -८
## अनुगमनकर्ताको आचार संहिता

**२०. आचार संहिताः** बजार अनुगमन गर्न जाने अनुगमन टोली ले निम्न बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछः

१. अनुगमन टोली ले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरु कसै लाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन,

२. अनुगमनमा खटिने व्यक्ति ले आफ्नो नातागोता वा इष्टमित्र कहाँ अनुगमन गर्न जानु

हुँदैन,

३. अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्य ले अनुगमन गर्ने विक्रेता व्यवसायीबाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन,

४. अनुगमन गर्न जाँदा प्रदायकहरू ले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नु हुँदैन,

५. कुनै किसिमको प्रलोभन वा मोहाविजमा पर्नु हुँदैन,

६. अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नु पर्नेछ तथा अनुगमन टोलीमा रहने अन्य सदस्यहरूको जानकारी दिनु हुँदैन,

७. बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरू प्रदायक समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनु पर्ने र व्यवसायीको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन,

८. अनुगमन टोलीका कुनै सदस्य ले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्रनीयता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानून बमोजिम कारबाही गर्न सकिनेछ,

९. मानव अधिकारवादी संघसंस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न संचार माध्यममा कार्यरत संचारकर्मी प्रतिनिधिहरू ले अनुगमन कार्य लाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन् । तर सामान जफत गर्ने, तौलने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्धारा नै कार्य सम्पन्न गर्नु पर्नेछ ।

## परिच्छेद -९
## विविध

**२१. बजार अनुगमन समिति को कार्यक्रम तथा बजेटः**

१. नगरपालिका ले आफ्नो स्रोत साधन र जनशक्ति प्रयोग हुने गरी बजार अनुगमनका लागि आवश्यक कार्यक्रम र बजेट प्राथमिकताका साथ वार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ,

२. नेपाल सरकारबाट बजार अनुगमनका लागि अनुदान प्राप्त भएमा सोही अनुसार कार्यक्रममा समावेश गर्नु पर्नेछ,

३. वार्षिक कार्यक्रममा उपभोक्ता सचेतनाको कार्यक्रम समेत समावेश गर्नु पर्नेछ,

४. बजार अनुगमनको क्रममा नमूना संकलन गर्दा प्रदायक लाई वस्तुको मूल्य भुक्तानी गरी बील लिनु पर्ने हुन्छ,

५. बजार अनुगमन टोलीमा खटिएका व्यक्तिहरू लाई भत्ताको व्यवस्थापन गर्न सक्नेछ ।

**२२. स्थानीय प्रशासनको कर्तव्यः**

१. बजार अनुगमन गर्दा अनुगमन टोली ले सुरक्षा लगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु सम्बन्धित स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

**२३. असल नियतले गरेका काम बचाउः**

१. यस ऐन बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका कामको सम्बन्धमा टोलीका संयोजक तथा सदस्यहरू उपर कुनै कारवाही हुनेछैन ।

**२४. प्रचलित कानून बमोजिम हुनेः**

१. यस ऐनमा भएको व्यवस्था ले प्रचलित कानून बमोजिम हुने अन्य अनुगमन कार्य लाई बाधा पुर्याएको मानिनेछैन ।

**२५. पुनरावेदन गर्न सक्नेः**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा प्रचलित कानून (उपभोक्ता हित संरक्षण ऐन नियम, खाद्य ऐन नियम, औषधी बिक्री वितरण सम्बन्धी ऐन नियम, कालो बजारी तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, मासुजाँच ऐन, लगायतका) अधीनमा रही बजार अनुगमनबाट दोषी पाईएका व्यवसायी उपर कानूनी कारवाही र दण्ड सजाय गर्नु पर्नेछ ।

**२६. प्रतिवेदनः**

१. बजार अनुगमनको मासिक प्रगति प्रतिवेदन दफा ७ को उपदफा ५ बमोजिम तयार गरि कार्यालयमा बुझाउनु पर्नेछ ।

**२७. बाधा अड्काउ फुकाउने अधिकारः**

१. यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा उपभोक्ता हित संरक्षण समितिको बैठकबाट निर्णयको सिफारिस भई नगर प्रमुख बाट बाधा अड्काउ फुकाई आउने नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**२८. संशोधन तथा नियमावलि वा कार्यविधिको सम्बन्धमाः**

१. यस ऐनमा थपघट गर्ने तथा अनुसुची हेरफेर गर्ने अधिकार प्रचलित कानूनको अधीनमा रही नगरसभाको हुनेछ ।

२. बजार अनुगमनका सम्बन्धमा आवश्यक नियमावलि, वा कार्यविधिको निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गराई लागु गर्न सकिनेछ ।

**२९. खारेजी र बचाउः**

१. यो ऐन जारी हुनु भन्दा अगाडी प्रचलित कानून बमोजिम भएका काम कारवाही यसै ऐन बमोजिम भएको मानिनेछ ।

२. यो ऐन जारी भएपछि "बजार अनुगमन सम्बन्धि निर्देशिका,-२०७५" स्वतः खारेज हुनेछ ।

बर्दघाट नगरपालिका

## अनुसूची-१

## (दफा ८ को उपदफा ५ सँग सम्बन्धित)

विषयः- बजार अनुगमनको मासिक प्रतिवेदन ।

आज मिति २० ../../.. देखि २० ../../.. सम्म निम्न स्थानहरूमा बजार अनुगमन गर्दा निम्न अनुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि. नं. | अनुगमन गरिएको स्थान | व्यवसायिक प्रतिष्ठा संस्थाको नाम | अनुगमन गरिएको क्षेत्र/प्रकृति/वस्तुहरू | अनुगमनको विवरण (परिणाम, अवस्था र अन्य कुरा) | सामानको जफत/बरामदी | नष्ट गरिएको वस्तु/परिमाण | सिलबन्दी गरिएको मात्रा/संख्या | गरिएको नमुना संकलन मात्रा/संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नाम | परिमाण | नाम | परिमाण | |
| | | | | | | | | | |

बोलाथ्यः

श्री संयोजकज्यू,

उपभोक्ता हित संरक्षण समिति, बर्दघाट नगरपालिका ।

बर्दघाट नगरपालिका

अनुसूची-२

(दफा ९ को उपदफा १ सँग सम्बन्धित)

**(अ) अनुगमन गरिने वस्तुको वर्गिकरणः**

बजार अनुगमनको क्रममा विभिन्न उपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नु पर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गिकरण गरिएको छ ।

**समूह "क" खाद्यान्न माछा मासुजन्य तरकारी फलफूल दैनिक उपभोग्य**

(१) खाद्यान्न तथा खाद्य पदार्थहरू नून, चिनी, चिया, कफी, मह, प्रशोधित पानी आदि ।

(२) अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरू,

(३) प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ,

(४) खाद्य पदार्थ उत्पादन गर्ने उद्योग,

(५) खाद्य पदार्थ विक्री वितरण गरिने विक्रीस्थल र भण्डारगृह वा संचय स्थल,

(६) खाने तेल, घिउ (वनस्पती घिउ समेत),

(७) दुध तथा दुग्ध पदार्थहरू र दुध प्याकिङ्ग गर्न प्रयोग हुने प्लाष्टिक पाउचहरू,

(८) माछा, मासु, अण्डा,

(९) मसलाजन्य पदार्थहरू (जिरा, मरिच, अदुवा, लसुन, धनिया, बेसार, ज्वानो, मेथी, ल्वाङ, सुकुमेल, अलैंची, दाल्चिनी र खुर्सानी लगायतका मसलाको रूपमा उपभोग गरिने पदार्थहरू)

**समूह "ख" औषधी एवं स्वास्थ्य सेवा**

(१) औषधी तथा औषधीजन्य पदार्थहरू (पशुपंक्षी औषधी तथा जडिवुटीमा आधारित औषधी समेत),

(२) औषधी उत्पादन गर्ने उद्योग तथा विक्री वितरण गरिने स्थल,

(३) अस्पताल, नर्सिङहोम, क्लिनिक आदि स्वास्थ्य सेवा प्रदायक सस्थाहरु ।

**समूह "ग" रासायनिकमल विषदी विउ विजन कृषि औजारः**

(१) पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरू समेत,

(२) रासायनिक मल, विषादी, बिउविजन, कृषि औजारहरु,

**समूह “घ” इन्धनः**

(१) इन्धन भण्डारण, पेट्रोलियम पदार्थको नापतौल, गुणस्तर मूल्य तथा मापदण्डहरूको परिपालना,

**समूह "ङ" निर्माण सामाग्रीः**

(१) ढुङ्गा, इटा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र विक्री वितरण स्थल ।

**समूह "च" शैक्षिक सामाग्रीः**

(१) पाठ्य सामग्री, स्टेशनरी लगायतका शैक्षिक सामाग्रीहरु ।

(२) शिक्षा ऐन अनुसार विद्यालयहरुको शूल्क आदि ।

**समूह "छ" होटल लज रेष्टुरा खाजाघर चमेना गृह लजः**

(१) होटल रेष्टुरा खाजाघर चमेना गृह लजको सरसफाइ तथा अन्य व्यवस्थापन,

(२) प्रशोधित र अप्रशोधित वस्तुहरुको भण्डारण,

(३) होटल, रेष्टुरा तथा मिठाई पसलहरूमा विक्री हुने पकवान तथा प्याकेजिङ्ग गरी विक्री हुने खाद्य पदार्थहरू, हल्का पेय पदार्थहरू, मदिराजन्य पदार्थ,

**समूह "ज" सुर्तिजन्य पदार्थः**

(१) सुपारी, पानपराग, सुर्ति, विडी, चुरोट तथा सुर्तीजन्य पदार्थ ।

**समूह "झ" नापतौलः**

(१) ढक, तराजु लगायतका नापतौलमा प्रयोग हुने उपकरणहरू ।

**समूह "ञ" पशुपंक्षी हाट बजारः**

(१) पशुपंक्षी हाटबजार तथा विक्री स्थल ।

**समूह "ट" सौन्दर्य सामाग्रीः**

(१) विभिन्न प्रकारका सौन्दर्य सामाग्रीहरु

(२) हेन्डसम पार्लर, व्यूटि पार्लर तथा सैलुन आदि ।

**समूह "ठ" विद्युतीय सामानहरुः**

(१) विद्युतीय सामानहरू,

(२) इलेक्ट्रनिक्स सामानहरू ।

**समूह "ड" रङ्ग रोगनः**

(१) विभिन्न कम्पनिका भवन सम्बन्धि रङ्ग र रङ्ग रोगन संवन्धी सामाग्रीहरु ।

**समूह "ढ" गरगहनाः**

(१) सुन, चाँदि, हिरा, मोती, जवाहरत तथा सो बाट निर्मित गरगहनाहरुको नापतौल एंव गुणस्तर ।

**समूह "ण" सवारीसाधन**

(१) ट्याक्सी मिटर शुल्क र रिक्सा, नगरबस आदिको भाडा आदि ।

(२) इसवारी साधन, रीक्सा आदी ।

**समुह "त" अन्यः**

(१) अन्य उपभोग्य वस्तुहरूको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था, विक्री स्थलहरू,

**(आ) अनुगमन गरिने सेवाको विवरणः**

(१) व्यापारिक सेवा

(२) संचार सेवा,

(३) स्थल यातायात तथा हवाई सेवा,

(४) बिद्युत सेवा,

(५) खानेपानी सेवा,

(६) विज्ञापन सेवा अन्य उपभोग्य सेवाहरू,

(७) स्वास्थ्य सेवा,

(८) शिक्षा सेवा,

(९) वित्तिय सेवाहरु आदी।

बर्दघाट नगरपालिका

## अनुसूची- ३

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

### दैनिक बजार अनुगमन फारम

(बजार अनुगमन फारमको प्रमाणित प्रति सम्बन्धित व्यवशायीलाई दिनु पर्नेछ।)

मितिः

व्यापारिक प्रतिष्ठानको नामः श्री

ठेगानाः

प्रोपाइटर वा फर्मधनीको नामः

फोन नं.

यस कार्यालयको नेतृत्वमा खटिएको बजार अनुगमन टोलीबाट तपाईको विक्रीस्थल गोदाम उद्योगको निरीक्षण गर्दा निम्न अनुरूपको स्थिति भेटिएकोले देहायअनुसार गर्नु गराउनु हुन निर्देशन दिइएको छ ।

| क.सं. | विवरण | भएको | नभएको | टोलीबाट दिइएको निर्देशन |
|---|---|---|---|---|
| १. मूल्य-सूची | | | | |
| २. साइनबोर्ड | | | | |
| ३. व्यवसायदर्ता नवीकरण | | | | |
| ४. नापतौलको प्रमाण | | | | |
| ५. लेवलमा खुलाउनुपर्ने कुराहरू स्पष्ट उल्लेख भए नभएको | | | | |
| ६. म्याद नाघेको सामाग्री | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७. स्थायी लेखा (PAN) नम्बर VAT मा दर्ता | | | | |
| ८. विक्री विल दिने प्रक्रिया | | | | |
| ९. खाद्य अनुज्ञा-पत्र (खाद्य उद्योगको लागि) | | | | |
| १०. मासुको गुणस्तर सन्तोषजनक | | | | |
| ११. मिठाईको गुणस्तर लगायतका पक्षहरू सन्तोषजनक | | | | |
| १२. ग्याँसको तौल, मूल्य लगायतका विषय सन्तोषजनक | | | | |
| १३. खरिद बिल | | | | |
| १४. यस अगाडिको निर्देशनमा पालना | | | | |
| १५. अन्य कैफियतपूर्ण स्थिति (खुलाउने) | | | | |

**निरीक्षण टोली**

(क) संयोजक श्री

(ख) सदस्य श्री

(ग) सदस्य श्री

(घ) सदस्य श्री

(ङ) सदस्य श्री.

मथि उल्लेखित विवरण सही साँचो हो, ठीक छ भनी सही छाँप लगाउने

उत्पादक विक्रेताको नामः

सहीः

प्रतिष्ठानको छाप

बर्दघाट नगरपालिका

## अनुसूची-४

### (दफा १९ को उपदफा ३ सँग सम्बन्धित)

### मुचुल्का

नवलपारसी जिल्ला बर्दघाट नगरपालिका वडा नं. घटनास्थल बरामदी खानतलासी शिलछाप लगाएको मुचुल्काः-टोल.... मा खडा गरेको

(१) उजुरी वा सूचनाको छोटकरी विवरणः-

(२) चार किल्ला सहित खानतलासी वरामदी गरिएको चिज वस्तुको नमुना तथा ठाउँको विवरणः-

(३) बरामद भएको सामान दोसीको विवरण शिलछाप गरिएको विवरणः-

(क)

(ख)

(ग)

(घ)

(ङ)

(४) खानतलासी बरामदी भएको देखे बमोजिम सहि छाप गर्ने साक्षीः (नाम, वतन समेत)

(क)

(ख)

(ग)

(५) रोहवरमा बस्नेहरूको नाम, थर, उमेर, वतन र सहिछापः-

(क)

(ख)

(ग)

(६) निरिक्षण टालीलेले मेरो उद्योग, गोदाम, पसलमा अनुगमन गर्दा कुनै सामान हिनामिना भएको छैन उद्योग, गोदाम, पसलबाट । माथि प्रकरण ३ मा उल्लेख भएको चिज वस्तु तथा सामानहरू बरामद भएको हो । साथै टोलीले लगाएको सिल थान....... छाप भएको ठिक साँचो हो भनि सहिछाप गर्नेः-

(क)

(ख)

(ग)

(७) कार्य तामेली गर्नेः-

(क)

(ख)

(ग)

मितिः-

समयः-

बर्दघाट नगरपालिका

## अनुसूची-५

### (दफा १७ को उपदफा ३ सँग सम्बन्धित)

तारेख भरपाई

नवलपरासी जिल्ला नवलपरासी बर्दघाट न.पा.मा. नगरकार्यपालिका मा मिति ....... साल दिनको समय महिना .... गते ...... रोज ..वजे उपस्थित हुनेछु भनि सही छाँप गरी एक आपसमा लियौंदियौं।

<table>
<tr><th>विषय</th><th>वादी</th><th colspan="2">प्रतिवादी</th></tr>
<tr><td rowspan="3">नाम थरः<br>सहीः<br>ठेगानाः<br>सम्पर्क नं.<br><br>छाँपः</td><td rowspan="3"></td><td colspan="2"></td></tr>
<tr><td>दाँया</td><td>बाँया</td></tr>
<tr><td></td><td></td></tr>
</table>

(कार्यालय प्रति)

बर्दघाट नगरपालिका

## तारेख पर्चा

## मुद्दा नं.

**पक्ष वा वादीः-**

............ जिल्ला.... . न.पा. वडा नं. मा स्थायी घर भई हाल नवलपरासी जिल्ला बर्दघाट नगरपालिका.वडा नं. छोरा छोरी... का साल......... महिना .....बस्ने वर्ष नाती नातिनी श्री.... नामक व्यवसायका सञ्चालक तपाई श्री..... ..को श्री का मिति गते .. रोज दिनको समय वजे यस बर्दघाट नगरपालिकाको कार्यालयमा अनिवार्य उपस्थित हुनेछु भनि सही छाँप गरि दिएको तारेक पर्चा। अन्यथा कानून बमोजिम हुन जानेछ ।

तारेख पर्चा दिनेको

सहिछाँपः-

पदः-

नामः-

## तारेख पर्चा मुद्दा नं.

**विपक्ष वा प्रतिवादीः-**

जिल्ला. .. न.पा. वडा नं. मा स्थायी घर भई हाल नवलपरासी जिल्ला बर्दघाट नगरपालिका.वडा नं. नाती नातिनी छोरा छोरी.. साल... ..... का बस्ने वर्ष को श्री श्री.... ..का मिति वजे यस बर्दघाट .. नामक व्यवसायका सञ्चालक तपाई श्री....... गते .... रोज दिनको समय महिना नगरपालिकाको कार्यालयमा अनिवार्य उपस्थित हुनेछु भनि सही छाँप गरि दिएको तारेक पर्चा। अन्यथा कानून बमोजिम हुन जानेछ ।

तारेख पर्चा दिनेको

सहिछाँपः-

पदः-

नामः-

**आज्ञाले,**

**(बाबुराम पौडेल)**

**प्रमुख प्रशासकीय अधिकृत**

बर्दघाट नगरपालिका